# मिति २०७४ साल असार ६ गतेको बैठकको प्रस्ताव एवं निर्णयहरु

## १. वडा कार्यालय सञ्चालन सम्बन्धमा

प्रस्ताव नं. १ वडा कार्यालय सञ्चालन सम्बन्धमा छलफल गर्दा बकैया गाउँपालिकाको तपसिलको वडाहरुमा स्थानीय तहको शासन सञ्चालन सम्बन्धमा जारी भएको आदेश, २०७४ मा व्यवस्था भए अनुसार तपसिलको स्थानमा वडा कार्यालय सञ्चालन गर्ने निर्णय गरीयो । साथै वडा कार्यालयका लागि केही वडामा वडा सचिवको व्यवस्था नभएकोले साविक बमोजिम संयुक्त वडा कार्यालयका वडा सचिवहरुले नै वडा सचिवको जिम्मेवारी लिने गरी वडा कार्यालय सञ्चालन गर्ने  निर्णय गरियो ।

तपसिल

| वडा नं. | केन्द्र रहने स्थान | कार्यालय भवन | वडा नं. | केन्द्र रहने स्थान | कार्यालय भवन |
|---|---|---|---|---|---|
| १ | महादेवडाँडा | | ७ | घमनटोल | |
| २ | तिनभञ्ज्याले | गा.वि.स. भवन | ८ | किर्नेवजार | |
| ३ | हात्तिसुडे | | ९ | कुसुमदमार | गा.वि.स. भवन |
| ४ | गरगरे | साविक गा.वि.स. भवन | १० | धुँवाकोटवेसी | गा.वि.स. भवन |
| ५ | राजदमार | | ११ | आँपचौर | |
| ६ | जुनेलीवस्ती | | १२ | ठिंगन | गा.वि.स. भवन |

## २. निर्वाचित जनप्रतिनिधीहरुलाई अभिमुखीकरण सम्बन्धमा

प्रस्ताव नं. २ निर्वाचित जनप्रतिनिधीहरुलाई अभिमुखीकरण सम्बन्धमा छलफल गर्दा बकैया गाउँपालिकाको गाउँ सभामा रहेका सम्पुर्ण पदाधिकारीहरुलाई यही असार १० र ११ गते तपसिलका विषयमा दुई दिने अभिमुखिकरण कार्यक्रम गर्ने  निर्णय गरियो ।

तपसिल

क. नेपालको संविधान २०७३ र नागरिकता ऐन २०६३ मा भएका व्यवस्था ।

ख. नेपालको संविधान २०७३ मा भएको स्थानीय तहको अधिकार र काम कर्तव्य सम्बन्धमा ।

ग. स्थानीय तहको सेवा सञ्चालन तथा व्यवस्थापन सम्बन्धी आदेश २०७४ सम्बन्धमा ।

घ. योजना तर्जुमा र यसका चरणहरुको सम्बन्धमा ।

ङ. बालमैत्री शासन र बातावरणमैत्री शासन सम्बन्धमा ।

च. भुकम्पका इन्जिनियर तथा जिल्लाका भुकम्पका प्राविधिकहरुसंग छलफल ।

छ. अन्य ।

## ३. भुकम्पीय आवास पुनःनिर्माण तथा सम्झौता सम्बन्धमा

प्रस्ताव नं. ३ भुकम्पीय आवास पुनःनिर्माण तथा सम्झौता सम्बन्धमा छलफल गर्दा बकैया गाउँपालिका अन्तर्गत बकैया १ देखी ७ सम्मका वडाहरुमा नापी नक्सा भई फिल्डबुक भएका जग्गाहरुको हालसम्म सम्झौता नभएकोले नापनकसा भई भुकम्प पिडितको हकभोकमा रहेका जग्गाको कागज राखी निजि आवास पुननिर्माण सम्झौता गर्ने व्यवस्था गर्ने  निर्णय गरियो । साथै असार ११  गते भुकम्प प्राविधिकसंग अन्तक्रिया गर्ने निर्णय गरियो ।

## ४. आ.ब. २०७४/०७५ को बजेट तर्जुमा, वडा भेला तथा गाउँ सभा सम्बन्धमा

प्रस्ताव नं. ४ आ.ब. २०७४/०७५ को बजेट तर्जुमा, वडा भेला तथा गाउँ सभा सम्बन्धमा छलफल गर्दा यस गाउँपालिकाको आ.ब. २०७४/०७५ को बजेट योजना तथा कार्यक्रम तर्जुमा गर्न योजना तर्जुमाका

चरणहरु पुरा गरी गाउँ सभा यही २०७४ असार १५ गतेदेखी २५ गतेसम्म गरी सक्ने गरी आवस्यक व्यवस्थापन गर्न गाउँ कार्यपालिकाको अध्यक्ष ज्यूलाई जिम्मेवारी दिने निर्णय गरियो ।

**५. ...............**

**६. विविध सम्बन्धमा**

प्रस्ताव नं. ५ विविध माथी छलफल गर्दा यस गाउँपालिका क्षेत्रमा रहेका समस्या र आवश्यकतालाई मध्यनजर राखी तपसिल अनुसारको नितिगत निर्णय गरियो ।

तपसिल

क. यस बकैया गाउँपालिकालाई आगामी ३ वर्ष भित्रमा बालमैत्रीयुक्त गाउँपालिका घोषणा गर्न बालमैत्री शासन कार्यक्रम तर्जुमा गरी सबै वडाहरुमा सञ्चालन गर्ने ।

ख. यस बकैया गाउँपालिकालाई वातावरणमैत्री गाउँपालिकाको रुपमा विकास गर्न सफा गाउँ कार्यक्रम तर्जुमा गरी सबै वडाहरुमा सञ्चालन गर्ने ।

ग. यस बकैया गाउँपालिकाको सवै वडाहरुबाट गाउँपालिकाको केन्द्रमा जोडिएको धरान चतरा सडकसँग एक बर्ष भित्र जोड्ने गरी कम्तीमा ग्राभेल सडक निर्माण गर्ने ।

घ. बकैया खोलाको पाङ्दुरे भिरकोट र लोहाजोरखोलाको भिमसेनदमार हात्तिसुडेमा एक वर्ष भित्र पक्की पुल निर्माण गर्न नेपाल सरकारलाई अनुरोध गर्ने ।

ङ. यस बकैया गाउँपालिका क्षेत्रका करिव ४० प्रतिशत घरधुरीका घरमुलीसंग आफ्नो परिवारका नाममा जग्गा दर्ता प्रमाणपुर्जा प्राप्त नभएको नापनक्सा समेत नभएको ऐलानी जग्गा भएकोले त्यस्ता जग्गा नापनक्सा गरी न्यनुतम क्षेत्रफलको जग्गाधनी प्रमाणपुर्जा उपलब्ध गराउने व्यवस्थाका लागि नेपाल सरकारमा अनुरोध गर्ने ।

च. कार्यक्रम बजेट तथा कर्मचारी हस्तान्तरण भई आउने कार्यालयका प्रतिनिधी राखी समन्वय बैठक आयोजना गर्ने ।

छ. यस बकैया गाउँपालिका भित्र रहेको वकैया नदी, सिमात खोला र यससंग जोडिएको हरेक खहरेखोलालाई सम्बन्धीत सरकारी वा गैह्र सरकारी निकाय मार्फत तटबन्धन गर्न पहल गर्ने ।

आजको बैठक विहान ११:३० बजे शुरु भई ३:१५ बजे सम्पन्न गरियो ।